# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०६।१३ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी देवीलाल जैसी र रत्न बहादुर कार्की रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

**प्रतिवादी वडासचिव देवीलाल जैसीलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा रु.२,७३,४००।— बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) र ऐ.उपदफा (१) को खण्ड (घ) बमोजिम कैद र बिगो बमोजिम जरिबाना तथा ऐ.ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन,

**प्रतिवादी प्रशासन सहायक रत्नबहादुर कार्की**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गर्न वडा सचिवसँग मिलेमतो गरी मतियारको कसूर गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा ऐ.ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम मुख्य कसूरदार सरह नै ऐ.ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ.ऐनको दफा ३ को उपदफा (१) र ऐ. उपदफा (१) को खण्ड (घ) बमोजिम कैद र बिगोबमोजिम जरिबाना तथा ऐ.ऐनको दफा १७ बमोजिम रु.२,७३,४००।— बिगो रकम असूल हुन,

मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा
विशेष अदालतको मिति २०८०/११/१० को फैसलाबाट निम्न आधारमा आंशिक सफाई दिएकोः-

- प्रस्तुत मुद्दाको प्रतिवेदन र समग्र भत्ता बुझाइएको भरपाई विवरणलाई हेर्दा, प्रतिवादी देवीलाल जैसीले जम्मा रु-४१,२००/- मात्र आफैले ल्याप्चे सहीछाप लगाई भुक्तानी गरेको पुष्टि हुन आएको देखिएको।
- रत्नबहादुर कार्कीको हकमा कार्यालयमा दर्ता चलानी गर्ने र भत्ता रकम वितरणमा वडा सचिवलाई सहयोगसम्म गर्ने प्रशासन सहायक कर्मचारी रहेको र सामाजिक सुरक्षा भत्ता वडा सचिवकै नाउँमा आउने व्यवस्था रहेको हुँदा रकम बुझाउने दायित्व रहेको भन्न मिल्ने अवस्था नदेखिएको ।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०६।१३ मा पुनरावेदन गरिएको छः-

**देहायः**

- प्रतिवादी देवीलाल जैसीले मौकामा वयान गर्दा लाभग्राहीहरुको नाउँमा भूलवश दोहोरो भत्ता वितरण भएको हो, दोहोरो वितरण गर्नु आफ्नो गल्ती हो भनी कसुर स्वीकार गरी साबिती बयान गरेको देखिरहेको अवस्थामा सो तर्फ अन्देखा गरी जम्मा रु.४१,२००।- (एकचालीस हजार दुइसय रुपैयाँ) मात्र निज प्रतिवादी आफैले ल्याप्चे सहीछाप लगाई भुक्तानी लिएको भन्ने आधार ग्रहण गरी आरोपदावी भन्दा कम विगो ठहर हुने गरी भएको फैसला त्रुटीपूर्ण रहेको।
- आ.ब. ०७५/७६ को प्रथम, दोस्रो र तेस्रो चौमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गर्दा लाभग्राहीहरूको नक्कली विवरण खडा गरी रु. २,७३,४००।- बराबरको सरकारी रकम हिनामिना गरेको कार्य निज देवीलाल जैसी स्वंयमले गरेको साविति बयान, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफूहरूले दोहोरो/तेहोरो नबुझेको भनी गरेको एकै मिलानको घटना विवरण कागज तथा परीक्षण प्रतिवेदनसमेतबाट देखिएको।
- प्रतिवादी रत्नबहादुर कार्कीले वडा सचिव देवीलाल जैसीलाई सहयोग गरेको भनी गरिदिएको निज स्वयंको साविति बयान, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफूहरूले दोहोरो/तेहोरो नबुझेको भनी गरेको

एकै मिलानको घटना विवरण कागज तथा नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशालाबाट प्राप्त परीक्षण प्रतिवेदनसमेतबाट निजले समेत अन्य व्यक्तिले रकम बुझेको भरपाईमा रेखात्मक सहिछाप गरेको खुलेको समेतबाट निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गर्न तत्कालीन वडासचिव देवीलाल जैसीलाई सहयोग पुग्ने गरी मिलेमतो गरी निज स्वयंले समेत लाभ लिई मतियारको रुपमा कसूर गरेको स-प्रमाण पुष्टि भएको।

- प्रतिवादी रत्नबहादुर कार्कीले समेत सरकारी रकम खाई मास्ने र नगरपालिकालाई हानि नोक्सानी पुऱ्याउने बदनियत राखी लाभग्राहीहरुको नक्कली विवरण खडा गरी, निजहरुको आफै दस्तखत/सहीछाप गरी दोहोरो भत्ता वितरण गरेको देखिएको र वडासचिव देवीलाल जैसीलाई सहयोग पुग्ने गरी मिलेमतो गरी निज स्वयंले समेत लाभ लिई मतियारको रुपमा कसूर गरेको स-प्रमाण पुष्टि भएको हुँदा सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई वदरभागी रहेको।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया

<u>**देहायः**</u>

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र.** देवीलाल जैसी र रत्नबहादुर कार्की (वि.अ. को मु.नं. 079-CR-0११७ वि.अ. को फैसला मिति २०८०।११।१० | विभिन्न शिर्षकका सामाजिक सुरक्षा भत्ताहरू वितरण गर्दा चौहोरो सम्म पारेर हिनामिना गरी भ्रष्टाचार गरेको । | **प्रतिवादी देवीलाल जैसीको हकमा**, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भए गरेको भन्ने देखिन आएको हुँदा निज वडासचिव प्रतिवादी देवीलाल जैसीउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) र ऐ.उपदफा (१) को खण्ड (घ) बमोजिम कैद र बिगो बमोजिम जरिबाना तथा ऐ.ऐनको दफा १७ बमोजिम निजले हिनामिना गरेको रकम **रु.२,७३,४००।-** (दुई लाख त्रिहत्तर हजार चार सय रुपैयाँ) प्रतिवादी देवीलाल जैसीबाट असूल उपर गरिपाउन साथै **प्रतिवादी रत्नबहादुर कार्कीको हकमा** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गर्न तत्कालीन वडासचिव देवीलाल जैसीलाई सहयोग पुग्ने गरी मिलेमतो गरी निज स्वयंले समेत लाभ लिई मतियारको रुपमा कसूर गरेको हुँदा निज प्रशासन सहायक प्रतिवादी रत्नबहादुर कार्कीउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा ऐ.ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम कसूर गर्ने व्यक्ति (तत्कालीन वडासचिव देवीलाल जैसी) सरह नै ऐ.ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ.ऐनको दफा ३ को उपदफा (१) र ऐ. उपदफा (१) को खण्ड (घ) बमोजिम कैद र बिगोबमोजिम जरिबाना तथा ऐ.ऐनको दफा १७ बमोजिम त्यसरी हिनामिना गरेको रकम **रु.२,७३,४००।-** (दुई लाख त्रिहत्तर हजार चार सय रुपैयाँ) प्रतिवादी रत्नबहादुर कार्कीबाट असूल उपर गरिपाउँ भन्ने समेत व्यहोराको विशेष अदालत समक्ष आरोपदावी दायर हुन आएको देखिन्छ। | **फैसलाः**<br>प्रतिवादी देवीलाल जैसीले आ.व. २०७५/२०७६ को प्रथम, दोस्रो र तेस्रो चौमासिकको सामाजिक सुरक्षा भत्ताको नाममा नक्कली विवरण खडा गरी रु.४१,२००/ बराबरको सरकारी रकम हिनामिना गरी निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको देखिंदा सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम प्रतिवादी देवीलाल जैसीलाई ३(तीन) महिना कैद र बिगो बमोजिम रु.४१,२००।- (एकचालिस हजार दुई सय रुपैयाँ) जरिबाना हुने तथा उक्त बिगो रु. ४१,२००/ - निज प्रतिवादीबाट असुल उपर हुनेसमेत ठहर गरी अर्का प्रतिवादी रत्नबहादुर कार्की उपरको मतियारतर्फको वादी दाबी वस्तुनिष्ठ प्रमाणले पुष्टि हुन नसकी निज प्रतिवादीले आरोपित कसूरबाट सफाइ पाउने ठहरी फैसला भएको।<br>**विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरु मध्येका देवीलाला जैसीलाई** आरोप दावी वमोजिम नै कसूर ठहर गरी र विगो दावी तर्फ आरोप दावी भन्दा कम विगो ठहर गरी सजाय गरेको देखिदा कम विगो दावीतर्फ र अर्का प्रतिवादी **रत्नबहादुर कार्की**को **हकमा विशेष अदालतवाट आरोप दावीवाट सफाई हुने ठहर गरी फैसला भएको र फैसला गर्दा निम्न आधारहरु लिएको देखिन्छ :-**<br>**क.** प्रस्तुत मुद्दाको प्रतिवेदन र समग्र भत्ता बुझाइएको भरपाई विवरणलाई हेर्दा , प्रतिवादी देवीलाल जैसीले जम्मा रु-४१,२००/-(एकचालिस हजार दुइसय रुपैयाँ) मात्र आफैले ल्याप्चे सहीछाप | **प्रतिवादी देवीलाल जैसीको हकमाः-**<br>➢ प्रतिवादी देवीलाल जैसीले मौकामा वयान गर्दा बिरसिंह शाही, बिरमी खत्री, गोपाल कार्की, लाली अधिका रमेश विटालु, रंजना टमटा, दिनेश चनारा, जोतिस बि.क., अविशेक परियार, सुवास चनारा, कर्ण रोकाया, मैना खत्री, कमल चदारा, एसमिता लुहार, मिना लुहार, सन्तोष टमटा, सिला टमटा, सुनिल चनारा, सुवास लोहार, डल्लु सिंहसमेतका लाभग्राहीहरुको नाउँमा भूलवश दोहोरो भत्ता वितरण भएको हो, दोहोरो वितरण गर्नु आफ्नो गल्ती हो भनी कसुर स्वीकार गरी साबिती बयान गरेको देखिरहेको अवस्थामा सो तर्फ अन्देखा गरी केवल विसे चनाराको नाउँमा रु.८,०००।-, नैनसरा सिंहको नाउँमा रु.८,०००।-, सुवास चनाराको नाउँमा रु.१,२००।-, डण्डु सिंहको नाउँमा रु.८,०००।-, वीरसिंह शाहीको नाउँमा रु.८,०००।- र मैना खत्रीको नाउँमा रु.८,०००।- गरी जम्मा रु.४१,२००।- (एकचालिस हजार दुइसय रुपैयाँ) मात्र निज प्रतिवादी आफैले ल्याप्चे सहीछाप लगाइ भुक्तानी लिएको भन्ने आधार ग्रहण गरी आरोप दावी भन्दा कम विगो ठहर हुने गरी भएको फैसला त्रुटीपूर्ण रहेको ।<br>➢ प्रतिवादीले लाभग्राहीहरुको नक्कली विवरण खडा गरी, निजको हस्ताक्षर/दस्तखतसमेत आफै गरी वा गर्न लगाई सामाजिक सुरक्षा भत्ताको रकम आफूखुशी दोहोरो भुक्तानी गरेको भन्ने देखिरहेको र अर्कोतर्फ कसैबाट त्यस्तो भत्ताको रकम फिर्तासमेत गराएको भन्ने नदेखिरहेको साथै लाभग्राहीहरुको अभिलेख चुस्त दुरुस्त नराखी हिसाब किताब छरपष्ट पारी सरकारी रकम खाई मासेको स्पष्ट रहेको ,प्रतिवादीले आफ्ना हातका बिभिन्न औंलाहरुको प्रयोग गरी लाभग्राहीहरुको नाउँमा रकम बुझेको दाबी नेपाल प्रहरी, केन्द्रीय विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनले प्रमाणित गरेको अवस्थामा रहेको ।<br>➢ आ.ब. ०७५/७६ को प्रथम, दोस्रो र तेस्रो चौमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गर्दा लाभग्राहीहरूको नक्कली विवरण खडा गरी रु. २,७३,४००।- (अक्षरुपी दुई लाख त्रिहत्तर हजार चार सय रुपैयाँ मात्र) बराबरको सरकारी रकम हिनामिना गरेको कार्य निज देवीलाल जैसी स्वंयमले गरेको साविति बयान, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफूहरूले दोहोरो/तेहोरो नबुझेको भनी गरेको एकै मिलानको घटना विवरण कागज तथा नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशालाबाट प्राप्त परीक्षण प्रतिवेदनसमेतबाट रहेको ।<br>**प्रतिवादी रत्नबहादुर कार्कीको हकमा :-**<br>➢ आफूले वडा सचिव देवीलाल जैसीलाई सहयोग गरेको भनी गरिदिएको निज स्वयंको साविति बयान, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफूहरूले दोहोरो/तेहोरो नबुझेको भनी गरेको एकै मिलानको घटना विवरण कागज तथा नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशालाबाट प्राप्त परीक्षण प्रतिवेदनसमेतबाट निजले समेत अन्य व्यक्तिले रकम बुझेको भरपाईमा रेखात्मक सहिछाप गरेको खुलेको समेतबाट निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गर्न तत्कालिन वडासचिव देवीलाल जैसीलाई सहयोग पुग्ने गरी मिलेमतो गरी निज स्वयंले समेत लाभ लिई मतियारको रुपमा कसूर गरेको स-प्रमाण पुष्टि भएको रहेको छ ।<br>➢ प्रतिवादी रत्नबहादुर कार्कीले समेत सरकारी रकम खाई मास्ने र नगरपालिकालाई हानि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | लगाइ भुक्तानी देखाएको पुष्टि हुन आएको भन्ने देखिएको ।<br>**ख रत्नबहादुर कार्की**को हकमा निज प्रतिवादी कार्यालयमा दर्ता चलानी गर्ने र भत्ता रकम वितरणमा वडा सचिवलाई सहयोगसम्म गर्ने प्रशासन सहायक कर्मचारी रहेको र सामाजिक सुरक्षा भत्ता वडा सचिवकै नाउँमा आउने व्यवस्था रहेको हुँदा रकम बुझाउने दायित्व यी प्रतिवादीको रहेको भन्न मिल्ने अवस्था नदेखिएको । | नोक्सानी पुऱ्याउने बदनियत (mens rea) राखी उल्लिखित लाभग्राहीहरुको नक्कली विवरण खडा गरी, निजहरुको आफै दस्तखत/सहीछाप गरी दोहोरो भत्ता वितरण गरेको (actus reus) देखिरहेको र वडासचिव देवीलाल जैसीलाई सहयोग पुग्ने गरी मिलेमतो गरी निज स्वयंले समेत लाभ लिई मतियारको रुपमा कसूर गरेको स-प्रमाण पुष्टि भएको हुँदा निज प्रशासन सहायक रत्न बहादुर कार्कीलाई आरोपदावीवाट सफाई दिने ठहर गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण भई वदरभागी रहेको छ ।<br>➢ भ्रष्टाचारजन्य कसुर र देवानी दायित्वका बिच तात्त्विक भिन्नता रहेको हुन्छ । भ्रष्टाचार निवारण ऐनको संरचनाबाट सार्वजनिक उत्तरदायित्व भएका पदाधिकारी तथा राष्ट्रसेवकले अन्य व्यक्तिहरूसँग मिली भ्रष्टाचारजन्य कार्य गरी सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, आफू वा अन्य व्यक्तिलाई लाभ वा हानि पुऱ्याउने कार्य गरेमा सो कार्यमा संलग्न रहेका पदाधिकारी, संस्था वा व्यक्तिलाई समेत कसुरदार ठहर हुने भनी ने.क.पा २०७६ निर्णय नं. १०३८७ मुद्दाः भ्रष्टाचार, मुद्दामा सर्वोच्च अदालतले प्रतिपादित सिद्धान्त विपरित विशेष अदालतले गरेको फैसला बदर भागी। |